नेपाल सरकार
गृह मन्त्रालय
# राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग
सिंहदरबार, काठमाडौं

पत्र संख्या: २०७७/०७८
चलानी नम्बर: ५८९

फो.नं. ०१-४२०००००९

मितिः- २०७७/०५/३१

**विषय: व्यक्तिगत घटना दर्ता किताब डिजिटाईजेशन सम्बन्धमा।**

**श्री स्थानीय तहको कार्यालय, सबै।**

उपरोक्त सम्बन्धमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजना अन्तरगत स्थानीय तहमा व्यक्तिगत घटना दर्ता किताब डिजिटाईजेशन सम्बन्धमा दुविधा उत्पन्न भएको लेखि आएको छ। अत: स्थानीय तहले डिजिटाईजेसन गर्नका लागि प्रचलित खरिद विधि अपनाई सेवा प्रदायक (संस्था/व्यक्ति) छनौट गरी गर्नुपर्नेछ यसको लागि देहाय बमोजिम प्रक्रिया अवलम्बन गर्न सकिने व्यहोरा आदेशानुसार अनुरोध छ। साथै उक्त डिजिटाईजेशन सम्बन्धी कार्य सेवा प्रदायक संस्था मार्फत गर्दा अधिकतम चार महिना तथा व्यक्ति मार्फत गर्दा तीन महिना भित्र सम्पन्न हुने गरी गर्नुहुन समेत अनुरोध छ।

**संस्था छनौट गरी डिजिटाईजेशन गर्ने विधि:**

१. डिजिटाईजेशन गर्नुपर्ने संख्या तथा स्क्यान गर्नुपर्ने पाना संख्या यकिन गर्ने र संलग्न बोलपत्र/कोटेशन नमूना कागजात (ईमेल मार्फत पठाईने) को अनुसूची २ मा समेत उल्लेख गर्ने।
२. उपलब्ध बजेटको परिधिभित्र रहि लागत अनुमान तयार गर्ने (सेवा प्रदायक लाई उपलब्ध गराउन नमिल्ने)।
३. आवश्यक पर्ने जनशक्ति (डाटा ईन्ट्रि अपरेटर तथा सुपरभाईजर) र अधिकतम समय यकिन गर्ने।
४. प्राप्त नमूना कागजातमा स्थानीय तहको विवरण लगायत अन्य विवरण भरी बोलपत्र/कोटेशन कागजातलाई पूर्णता दिने।
५. यसरी तयार भएको बोलपत्र/कोटेशन कागजात स्थानीय तहको सम्बन्धित अधिकारीबाट स्वीकृत गराउने।
६. पाँच लाख भन्दा बढी लागत अनुमान भएको हकमा सार्वजनिक सूचना जारी गर्ने सो भन्दा कम लागत अनुमान भएमा कम्तिमा तीनवटा योग्य (दर्ता, नवीकरण, कर चुक्ता प्रमाणपत्र, उल्लिखित प्रकृतिको कार्य गर्न भनी दर्ता भएको) सेवा प्रदायकलाई स्वीकृत भएको बोलपत्र/कोटेशन कागजात सहित प्रदान गरी आर्थिक तथा प्राविधिक प्रस्ताव (कोटेशन कागजातमा उल्लेख भए बमोजिमको सुपरभाईजर तथा डाटा ईन्ट्रि अपरेटरको बायोडेटा) माग गर्ने। यसरी जारी हुने कोटेशन/बोलपत्र कागजातमा स्थानीय तहको छाप तथा दस्तखत अनिवार्य गर्नुपर्छ भने सोही प्रतिमा प्रस्तावदाताको आर्थिक तथा प्राविधिक प्रस्तावको प्रमाणित प्रति (छाप तथा दस्तखत) नगरपालिका/गाउँपालिकामा उल्लेखित मितिभित्र प्राप्त गर्ने।
७. प्राप्त आर्थिक तथा प्राविधिक प्रस्तावको मूल्यांकन गरी सारभूत प्रभावग्राही (योग्य) मध्ये कम आर्थिक प्रस्ताव कबोल गर्ने प्रस्तावदाता सँग संझौता गरी डिजिटाईजेशनको कार्य गराउने।
८. कार्य विवरण/कार्यक्षेत्रगत शर्त बमोजिमको कार्य सम्पन्न भए पश्चात खुद भएको डिजिटाईजेशन संख्याको आधारमा सेवा प्रदायकलाई भुक्तानी गर्ने।

**व्यक्ति छनौट गरी डिजिटाईजेशन गर्ने विधि:**

१. डिजिटाईजेशन सम्बन्धी कार्य गर्न स्थानीय तहले सहायक कम्प्युटर अपरेटर वा सो सरहको व्यक्तिहरु करारमा लिएर समेत कार्य गराउन सकिनेछ यसको लागि आवश्यक उपकरणहरु उपलब्ध भए सम्म स्थानीय तहको प्रयोग गर्ने स्थानीय तहमा उपलब्ध नभएमा भाडामा प्रयोग गर्न सकिनेछ। यसरी व्यक्ति सेवा करारमा लिई कार्य गराउँदा दैनिक कम्तीमा जन्म दर्ता १२४, मृत्यु दर्ता ९२, बिबाह दर्ता ७१, बसाइ सराई ८३, सम्बन्ध विच्छेद दर्ता ६६ प्रविष्टि तथा ६६० पेज स्क्यान हुने सुनिश्चित गर्नु/गराउनु पर्नेछ भने यस कार्यको सुपरभाईजरको रुपमा व्यक्तिगत घटना दर्ता फोकल व्यक्ति वा एम.आई.एस.अपरेटर लाई तोकी कार्यसम्पादनलाई सहजीकरण गर्नुपर्नेछ भने अन्य सहयोगको लागि फिल्ड सहायकलाई परिचालन गर्न सकिनेछ।

(साबित्रा बस्नेत)
शाखा अधिकृत

Email: info@donidcr.gov.np, nid@donidcr.gov.np, ss@donidcr.gov.np, vital@donidcr.gov.np,
URL:www.donidcr.gov.np